

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक
epratekdaily.com



बाढी, पहिरो, डुबानको जोखिम भएका बस्तीहरूको अवस्थितिबारे स्थानीय र जिल्ला तहका विपद् जोखिम न्यूनीकरण समितिहरूलाई जानकारी गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ असार ०४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 18 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९०


## नगरपालिकाको भवन निर्माणमा कमसल सामग्री
## ठेकेदार प्रतिनिधिद्वारा सञ्चारकर्मीलाई धम्की

प्रस, पर्सागढी, ३ असार/

पर्सागढी नगरपालिका कार्यालयको भवन निर्माणमा कमसल निर्माण सामग्री प्रयोग भएको पाइएको छ ।



पर्सागढी नगरपालिका–८ हरपुरमा निर्माण भइरहेको नपाको भवन । तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–८ हरपुरमा निर्माण भइरहेको अढाई तले पक्की भवनमा अहिले प्रयोग भइरहेका निर्माण सामग्रीमध्ये बालुवा, ग्रेभल, ईँटा सम्झौताविपरीत कमसल प्रयोग भएको पाइएको छ । भवनमा प्रयोग भएका ईँटामध्ये लिन्टरसम्मको निर्माणमा २५ प्रतिशत दुई नम्बर ईँटा प्रयोग भएको छ भने बालुवा र गिट्टीमा पनि मापदण्डविपरीत माटो मिसिएको पाइएको छ ।

निर्माणस्थलमा राखिएका यी सामग्रीलाई जोकोहीले हेर्दा कमसल भएको ठहर गर्न सक्छ। रु ३ करोड ६६ लाखको लागतमा स्वच्छन्द निर्माण सेवा प्रालि काठमाडौंले ठेक्का सकार गरेको र निर्माण कार्यको रेखदेख स्थानीय प्रतिनिधि दिनेश कुशवाहाले गरिरहेका छन् । कमसल सामग्री प्रयोग भएको विषयमा नगरपालिकाका इन्जिनीयर विजय सिंहले प्रयोगशालामा परीक्षण गरेर निर्माण सामग्रीको प्रयोग भइरहेको दाबी गरे । तर उनले दाबी गरे अनुसारको निर्माणस्थलमा सामग्रीको प्रयोग भएको पाइएको छैन । स्थानीयहरूले नगरपालिका कार्यालयजस्तो जिम्मेवार संस्थाको भवन निर्माणमा कमसल सामग्री प्रयोग भइरहेकोमा चिन्ता जाहेर गरेका छन्। उनीहरूले नगरपालिकाको भवनमा अनियमितता हुन्छ भने त्यस अन्तर्गत बन्ने विकास निर्माणमा कतिको भद्रगोल हुन्छ भन्ने सहज अनुमान गर्न सकिने टिप्पणी गरेका छन् ।

स्वच्छन्द निर्माण सेवाका प्रतिनिधि दिनेश कुशवाहाले भने कमसल निर्माण सामग्री प्रयोग नभएको धम्कीपूर्ण भाषामा बताएका छन् । उनले आफ्नो साइटमा गएर फोटो खिच्ने, समाचार लेख्ने पत्रकारलाई तह लगाउने धम्की पनि दिए। मेरो काममा खोट हुँदैन भन्दै उनले कुनै पनि पत्रकारले आफूविरुद्ध समाचार लेखे ठीक नहुने चेतावनी दिएका छन् ।

## वीरगंजको मुख्य नाका झन् भद्रगोल

प्रस, वीरगंज, ३ असार/

वीरगंज–रक्सौल मुख्य प्रवेशद्वारको अवस्था झनै भद्रगोल छ । वैशाख १६ गतेदेखि पर्सा जिल्लामा निषेधाज्ञा जारी भएपछि यो नाकाबाहेक जिल्लाका सबै नाका बन्द गरिएको छ ।

यो नाकाबाट आवतजावत गर्नेहरूको स्वास्थ्य सुरक्षा जाँच गर्ने, उनीहरूको विवरण राख्ने जस्ता कार्यहरू पहिलो चरणमा गरिए पनि अहिले त्यहाँ त्यस्तो केही भइरहेको छैन। रक्सौलबाट वीरगंज आउनेहरू मुख्य नाका भएर कमै प्रवेश गरिरहेका छन्। प्रायः सबै चोर बाटो आवागमन गरिरहेका छन् । मुख्य

(बाँकी अन्तिम पातामा)



शङ्कराचार्यद्वार र त्यहाँ कोरोना महामारीविरुद्ध राखिएको सूचना केन्द्र तथा सुरक्षाकर्मीहरू । तस्वीरः नितेश कर्ण

## मानसिक रोगीको १५ वर्षपछि उद्धार

प्रस, वीरगंज, ३ असार/

वीरगंज महानगरपालिका–१७ अलौंका हृदयदास तुराहालाई उद्धार गरी मानव सेवा आश्रम वीरगंजमा ल्याइएको छ ।



उद्धारपछि हृदयदास तुराहा (बायाँ) । तस्वीरः सौजन्य

१५ वर्षदेखि मानसिक सन्तुलन बिग्रेका उनलाई घरमा सिक्रीले बाँधेर राखिएको थियो । परिवारको आर्थिक अवस्था कमजोर भएकोले मानसिक रोगको उपचार गर्न नसकी तुराहालाई घरमैं राखिएको सूचना पाएपछि नगरप्रमुख विजयकुमार सरावगीको पहलमा मानव सेवा आश्रमका सहसंयोजक सानु मानव सेवा र नेपाल प्रहरीको सहयोगमा उद्धार गरिएको हो ।

दुई साताअघि बारा जिल्ला, कलैया उपमहानगर–१८ मोतीसर निवासी जोगेश्वर ठाकुरलाई उद्धार गरी मानव सेवा आश्रममा ल्याइएको थियो । मानसिक सन्तुलन गुमाएका उनलाई पनि चार वर्षदेखि घरमा सिक्रीले बाँधेर राखिएको थियो । अहिले ठाकुरको अवस्था आश्रममा सामान्य रहेको सहसंयोजक सानु मानव सेवाले बताइन्।

## रक्तसञ्चार केन्द्रलाई महानगरले जग्गा दिने

प्रस, वीरगंज, ३ असार/

वीरगंज महानगरपालिकाले नेपाल रेडक्रस सोसाइटी, पर्साद्वारा सञ्चालित रक्तसञ्चार केन्द्र वीरगंजको भवन निर्माणको लागि जग्गा दिने सम्झौता गरेको छ ।



सम्झौतापत्र हस्तान्तरण गर्दै । तस्वीर सौजन्यः वीरगंज महानगर

नारायणी अस्पताल वीरगंज परिसरमा रहेको रक्तसञ्चार केन्द्र अस्पतालको भौतिक पूर्वाधार विकासमा पर्न गएको र वीरगंजको मेनरोड फराकिलो गर्ने क्रममा सो भवन पर्ने हुँदा महानगरपालिकाले रेडक्रसलाई रक्तसञ्चार केन्द्र निर्माणको लागि जग्गा उपलब्ध गराउन लागेको हो ।

वीरगंज–३ मालपोत सडकअगाडि रहेको पुरानो दमकल र हालको सशुल्क पार्किङ क्षेत्रमा रक्तसञ्चार केन्द्र निर्माणको लागि नगरपालिकाले जग्गा उपलब्ध गराउन सम्झौता गरेको हो । रेडक्रस पर्साका सभापति वीरेन्द्रराज कँडेल र वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप निरौलाबीच सो विषयको सम्झौतापत्रमा आज हस्ताक्षर भएको हो ।

नगरप्रमुख विजयकुमार सरावगीको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।

## पर्साको ग्रामीण क्षेत्रमा इन्टरनेट चलेन

प्रमोद यादव, पंचगावाँ, ३ असार/

पर्साको ग्रामीण क्षेत्रमा एनसेल र नेपाल टेलिकमको इन्टरनेटमा समस्या भएको छ ।

मोबाइलमा डाटा प्याक लिएर इन्टरनेट चलाउँदा नचल्ने गरेको स्थानीयवासीले गुनासो गरेका छन्। नेपाल टेलिकम र एनसेनका ग्राहक सेवा केन्द्रलाई यसबारेमा जानकारी गराउँदा वर्षाको कारण इन्टरनेट सेवा अवरुद्ध भएको बताइयो ।

सखुवाप्रसौनी गाउँपालिका–२ पंचगावाँका शम्भु यादवले सखुवाप्रसौनी, ठोरी, पटेर्वासुगौली, पर्सागढी, जीराभवानी, जगरनाथपुरमा इन्टरनेट नचल्दा समस्या भएको बताए। एनसेल र नेपाल टेलिकमका कर्मचारीलाई यसबारेमा जानकारी गराउँदा बेवास्ता गरेको पटेर्वासुगौली गाउँपालिका–३ का मुना तिवारीले आरोप लगाए ।

## चैते धान लगाएका किसानहरूलाई समस्या

प्रस, ठोरी, ३ असार/

लगातारको वर्षाको कारण ठोरीमा वर्षे धानखेती गर्ने किसान रोपाइँमा व्यस्त भएका छन् भने चैते धान लगाएका किसानहरू समस्यामा परेका छन् ।

यस वर्ष मनसुन चाँडै शुरू भएपछि ठोरी गापामा किसानले असारको पहिलो सातामैं वर्षे धान रोप्न शुरू गरेका हुन्। आकाशे पानीको भरमा धानखेती गर्ने किसानलाई वर्षाले फाइदा पुऱ्याएको छ।

गत वर्ष वर्षाको कारण साउनमा धान रोप्न बाध्य भएका किसानहरू यस वर्ष असारको पहिलो सातामैं रोपाइँ सम्पन्न गरेको ठोरी गापा–४ का राकेश श्रेष्ठले बताए । उनले जेठ मसान्तसम्म १५ कट्ठा खेतमा धान रोपेको बताए । गत वर्ष साउनमा धान रोपेको सम्झँदै उनले यस वर्ष बेलैमा धान रोप्न पाएकोले उब्जनी बढ्ने बताए। ठोरीका अन्य किसान पनि यतिबेला धमाधम रोपाइँ गर्दैछन्।



तस्वीरः प्रतीक

त्यसैगरी, माघ मसान्तमा मकै छरेका किसानहरू अहिले मकै भित्र्याउन व्यस्त भएकाले धान रोप्न भ्याएका छैनन् । तोरी र सुर्ती खेतीपछि मकैखेती गरेका किसानहरू मकै नपाकेर धान रोपाइँ गर्न नपाएपछि चिन्तित भएका छन् । विशेषगरी, ठोरी गापा–४ का किसानले सुर्ती र तोरी खेतीपछि ढिलो गरी धानको बीउ छर्छन्। मकै ढिलो गरी पाकेपछि आकाशे पानीको भरमा खेती गर्ने किसानलाई धान रोप्ने चिन्ता थपिएको ठोरी–४ की कान्छी कार्कीले बताइन् । उनले १५ कट्ठा खेतमा रोपेको मकै बालीमा भर्खरै घोगा लागेको बताइन्।

हिउँदे मकै भित्र्याएर धान रोप्न ठीक्क परेका किसानलाई वर्षाले फाइदा पुऱ्याएको छ । ठोरी गापा–३ को रामनगर, बुद्धनगर, ब्रह्मनगरमा हिउँदे मकैखेती गरिएको छ ।

**चैते धानखेती गरेकालाई पानीले सास्ती**

चैते धानखेती गरेका ठोरीका किसानलाई वर्षाले दुःख दिएको छ । लगातार वर्षा हुन थालेपछि उनीहरूले पाकेको धान भित्र्याउन सकेका छैनन्। ठोरी गापा १, २ र ३ का किसानले धान भित्र्याउन नपाउँदा खेतमा धान घुस्रिन थालेको बताए। दुःखजिलो गरेर लगाएको धान पानीको कारण काट्न नपाएकोले समस्या भएको ठोरी–३ बुद्धनगरका किसान सुजन ढुङ्गेलले बताए। वर्षे धानको तुलनामा चैते धानको उत्पादन राम्रो हुने भएकोले चैते धान लगाउने किसानहरूलाई घाटा लाग्ने चिन्ता पनि थपिएको छ ।

## विचारसार र सूक्तिहरू

**अतिथिसरह दीन-दु:खी, पीडित, रोगी आदिको सेवा गर्नु पनि समाज पूजाको एउटा अङ्ग हो । दरिद्र नारायण पनि एउटा महान देवता हुन् । हामीमाथि उनको ठूलो उपकार छ, जसलाई चुकाउन सक्दैनौं । – विनोबा**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## सावधानी नअपनाए झन् खतरा

**कोरोना भाइरसको खोप लगाएकाहरू ढुक्क हुँदै जाँदा खोप नलगाएकाहरूमा त्रास थपिंदो छ । अहिलेसम्मको खोज अनुसन्धानले कोरोनालाई जित्नका लागि एउटा मात्रै उपाय खोप देखियो । स्वास्थ्य सुरक्षा मापदण्ड तथा सावधानीहरू अल्पकालीन सुरक्षाका लागि मात्रै हुन् । हाम्रो आफ्नै मुलुकको अनुभवले पनि यो कुरा पुष्टि गरेको छ । एक मात्रा मात्रै खोप लगाएकाहरूलाई पनि कोरोनाको दोस्रो लहरले खासै असर गरेन । केहीमा सङ्क्रमण देखिए पनि उनीहरूको अवस्था गम्भीर देखिएन । खोप लगाएको कम्तीमा चार हप्तासम्म शरीरमा भाइरसविरुद्ध एन्टीबडी तयार नहुने हुँदा कतिपय खोप लगाएकाहरू यही बीचमा सङ्क्रमित भए त कतिले ज्यान गुमाएका पनि छन् । पहिलो मात्रा खोप लगाएको चार हप्ता कटिसकेपछिको अवस्थामा भने सङ्क्रमणकै कारण मृत्यु हुनेको सङ्ख्या हाम्रो मुलुकमा शून्य छ । विभिन्न उत्पादकका खोपहरूको प्रभावकारिता पनि फरक-फरक छन् । हाम्रो मुलुकमा हालसम्म चीनबाट अनुदानमा आएको भेरोसिल खोप र भारतबाट अनुदानमा ल्याएको कोभिशिल्ड खोप प्रयोगमा छ । भेरोसिल खोपको ७९ प्रतिशत प्रभावकारिता भनिएको छ भने कोभिशिल्डको प्रभावकारिता ७० देखि ७४ प्रतिशत भनिएको छ । एउटामा २१ प्रतिशत र अर्कोमा २६ प्रतिशतमा सङ्क्रमणको खतरा देखियो । तर अहिलेसम्मको अवस्था हेर्दा हामीकहाँ दुवै खोपले सय प्रतिशत नै काम गरेको जस्तो भान भइरहेको छ ।**

**दुवै खोप गरी नेपालमा अहिलेसम्म करीब २७ लाखजनाले खोप लगाएका छन् । सोमध्ये करीब आठ लाखजनाले मात्रै दोस्रो मात्राको खोप पाएका छन् । मुलुकको जनसङ्ख्या करीब तीन करोड छ । जुन खोप लगाउनेको सङ्ख्या अति न्यून हो । पहिलो मात्रा खोप लगाएकामध्ये भेरोसिल लगाएका लागि दोस्रो मात्राको खोपको सुनिश्चितता रहेको सरकारले बताइरहे पनि पहिलो मात्रा कोभिशिल्ड लगाएकाहरूको दोस्रो मात्रा अझै अनिश्चित छ । एक मात्रा खोप लगाएका व्यक्तिमा पनि केही अवधिका लागि अस्थायीरूपमा प्रतिरोधात्मक क्षमता विकास हुने कुरा सर्वसाधारणले बुझेका छन् । उसो त दुवै मात्रा लगाएकाहरू झन् ढुक्क हुने नै भए । कतिपय परिवारमा एक/दुई जनाले मात्रै खोप लगाएका छन् भने कैयौं कार्यालय वा कार्यस्थलहरूमा एक्कादुक्काले खोप पाएका छन् । गाउँ, टोल, समाजको अवस्था पनि यस्तै छ । हरेक स्थानमा कमोबेस सङ्ख्यामा खोप पाउने र नपाउने दुवै छन् ।**

**यसले अब झन् खतरा निम्तिंदै छ । पहिलो कुरा त हामीले लगाएको खोप सय प्रतिशत प्रभावकारिताको होइन । यसको मतलब खोप लगाएका सबैलाई सङ्क्रमण नहुने प्रत्याभूति छैन । तर खोप लगाएका व्यक्ति भने आफैंमा सय प्रतिशत ढुक्क भएका हुन्छन् । यसो गर्दा उसले खोप नलगाउँदा जस्तो सावधानी अपनाउँदैन । भोलि २१ प्रतिशत वा २६ प्रतिशतमा ऊ पर्न सक्ने र सङ्क्रमण हुन सक्ने खतरा देखियो । अर्कोतर्फ खोप लगाएकाहरू सावधानी नअपनाइ हिंड्दा उनीहरू कोरोना भाइरसको संवाहक बन्न सक्छन् । उनीहरूको हात एवं बाहिरी शरीरबाट पनि सङ्क्रमण परिवार र समाजमा सजिलै पुग्न सक्छ । यसो भएमा भोलि तेस्रो लहर दोस्रोभन्दा पनि विनाशकारी हुनेछ । यसर्थ सरकारले जतिसक्दो छिटो सबैलाई खोपको व्यवस्था गर्नुपर्छ । खोप दिन नसकेसम्म स्वास्थ्य सुरक्षा मापदण्डमा कडाइ गर्दै परीक्षणको दायरा बढाउने र खोप लगाएकाहरूलाई पनि त्यो दायराभित्र राखिनु जरुरी छ ।**

# बजारहरू खुला रहनु अति आवश्यक

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

> **कोरोना सङ्क्रमणको तीव्र विस्तार रोक्न अल्पकालीन एवं दीर्घकालीन उपायहरू पत्ता लगाउन आवश्यक छ । केवल बन्द मात्र विस्तार रोक्ने उत्तम एवं प्रभावकारी तरीका भने होइन । लामो समयसम्म बन्द व्यवस्था कायम रहेमा राष्ट्रिय अर्थव्यवस्था ढल्ने मात्र होइन, भोकमरी समस्या पनि उत्पन्न हुनेछ ।**

वर्तमान युगलाई आधुनिक युग भनिन्छ । तर यो आधुनिक युगलाई वैष्य युग भन्नु बढी उपयुक्त हुनेछ । यो युगमा हरेक व्यक्ति खरीद-बिक्री कार्यमा अनिवार्यरूपमा संलग्न हुनुपर्ने हुनाले यो युगलाई वैष्य युग भन्नु अति उपयुक्त होला ।

वैष्य युगमा बहुसङ्ख्यक व्यक्ति खरीद र बिक्री कार्यमा लागेका देखिन्छन् । यो वैष्य युगमा बहुसङ्ख्यक व्यक्तिले श्रम बिक्री गर्छन् र श्रम बिक्री गरेर प्राप्त भएको आम्दानीले जीवन निर्वाहका लागि आफूलाई आवश्यक पर्ने सम्पूर्ण वस्तु खरीद गर्छन् । अर्थात् यो वैष्य युगमा बहुसङ्ख्यक व्यक्तिले केवल श्रम बिक्री गर्छन् र उनीहरूको साथमा बिक्री गर्नका लागि श्रमबाहेक केही पनि हुँदैन । तर कृषि युगमा भने यस्तो थिएन । बहुसङ्ख्यक व्यक्तिले तरकारी, फलफूल, दूध, दही, अन्न आदि उत्पादन गर्थ्ये । दैनिक आवश्यकताका वस्तुहरूका लागि अहिलेझैं अरूमाथि अति निर्भर हुन्थेनन् । जीवन निर्वाह गर्नका लागि आवश्यक पर्ने लगभग सम्पूर्ण वस्तु आफैंले उत्पादन गर्ने परिवारहरूको सङ्ख्या पनि ठूलो थियो । यस्ता परिवारहरू बजारमा पुगेर अनिवार्यरूपमा अहिलेको जस्तो श्रम बिक्री गर्न बाध्य थिएनन् । तर अहिले स्थिति यस्तो छ कि श्रम उत्पादन गरेर श्रम बिक्री गर्नेहरूको सङ्ख्या ठूलो छ भने आफू स्वयंले वस्तुहरू उत्पादन गरेर आत्मनिर्भरको अवस्थामा रहन सक्नेहरूको सङ्ख्या न्यून भएर गएको छ । यसलाई वैष्य युगको विशेषता वा कमजोरी पनि भन्न सकिन्छ । बहुसङ्ख्यक व्यक्तिहरू श्रम बिक्री गर्ने अवस्थामा रहनु वा बाँच्नका लागि श्रम नबेची नहुने अवस्था हुनु मानव सभ्यताको लागि राम्रो कुरा भने होइन । तर यस्तै भइरहेको छ ।

हामी वैष्य युगमा बाँचेका हुनाले श्रम बिक्री गर्नका लागि हामीसँग बजार हुनु आवश्यक छ । श्रम बिक्री गर्न आवश्यक पर्ने ती बजारहरू निरन्तर (सके दिनरात नै) खुला रहनु पनि उत्तिकै आवश्यक छ । बजार एक दिन पनि बन्द हुँदा न्यून आय भएका व्यक्तिहरू जोसँग बचतको रूपमा सानो परिमाणमा पनि रकम रहेको हुँदैन र जसले प्रत्येक दिन श्रम बेचेर खानुपर्ने हुन्छ, त्यस्तालाई एक दिन पनि बजार बन्द हुँदा जीवनमरणको समस्याले सताउन थाल्छ । धनी वा विकसित देशका गरीब नागरिकहरूसँग 'क्रेडिट कार्ड' हुने र आम्दानी नभएको बेला त्यही क्रेडिट कार्ड प्रयोग गरेर जीवन निर्वाहका लागि आवश्यक पर्ने अनेक वस्तु एवं सेवाहरू खरीद गर्न सक्ने स्थिति नेपालका अति निर्धन परिवारहरूसँग छैन । नेपालमा 'क्रेडिट कार्ड' सर्वसुलभ पनि छैन । यो कारणले गर्दा एक दिनको लागि पनि नेपालमा बजार बन्द हुँदा ठूलो समस्या उत्पन्न हुने गर्दछ । हजारौं व्यक्ति भोकभोकै हुने स्थिति उत्पन्न हुने गर्दछ ।

अर्कोतिर, भयावहको स्थितिमा रहेको कोरोना महामारी नियन्त्रण गर्न सर्वाधिक सजिलो तरीका बन्द व्यवस्था (Lock down) लागू गरिने भएकोले सङ्घीय, प्रान्तीय एवं स्थानीय सरकारहरू बन्द व्यवस्थालाई 'रामबाण'को रूपमा प्रयोग गर्नमा व्यस्त रहेका देखिन्छन् । विभिन्न किसिमका खोज तथा अनुसन्धान गरेर बन्द व्यवस्थाका अन्य विकल्पहरू खोज्नेतर्फ जागरूक देखिंदैनन् । यो कारणले गर्दा, नेपालमा, यो बन्दको स्थितिमा, गरीबहरूलाई बाँच्न ज्यादै कठिन हुन पुगेको छ । बजारहरू बन्दको स्थिति लामो समयसम्म रहेमा गरीब परिवारहरूको जीवन थप कष्टकर हुनेछ ।

बजार कुनै पनि हालतमा बन्द हुनुहुँदैन । लामो अवधिसम्मका लागि त झनै हुनुहुँदैन । बजार खुला रहनु भनेको अहिलेको यो वैष्य युगमा मानव शरीरमा सास अविरल चले जस्तो हो । सुरक्षाका अनेक उपायको खोजी गरेर, कोरोना महामारी फैलिने स्थितिमाथि अङ्कुश लगाएर, बजार भने खुला राख्नु आवश्यक छ । बन्द गर्नुहुँदैन ।

अन्य मुलुकले कोरोना सङ्क्रमणको विस्तार रोक्न के कस्ता वैकल्पिक उपायहरूको खोजी गरे, व्यवहारमा ल्याए, हामीकहाँ निर्णय तहमा रहेका प्रशासक एवं जनप्रतिनिधिहरूले थाहा पाउनुपर्दछ । ती उपायहरूको खोजी एवं पहिचान गर्नुपर्छ । अध्ययन गर्नुपर्छ । यो कोरोना सङ्कट हामीजस्तो गरीब मुलुकको लागि दीर्घकालीन समस्या हो । त्यस कारण यो कोरोना सङ्कटसँग लड्न हामीले दीर्घकालीन रणनीतिहरू निर्माण गर्न आवश्यक छ । बजार बन्द नगरी, भौतिक दूरी कायम गरेर, अनेक किसिमका व्यापारहरू सञ्चालनमा राख्न सकिन्छ । बजारहरू खुला राख्न सकिन्छ ।

बजार कहिलै बन्द नगरी सदा सञ्चालनमा राख्न सामान्य नागरिकहरूले पनि स्थानीय सरकारहरूलाई सहयोग पुर्‍याउनुपर्दछ । नागरिकहरूले पनि उत्तिकै दायित्व निर्वाह गर्नुपर्छ । यो सरकारको दायित्व हो, हाम्रो होइन भन्नुहुँदैन ।

बजार, राष्ट्रिय अर्थव्यवस्थाको मुटु हो । यो कहिले पनि कुनै पनि हालतमा बन्द हुनुहुँदैन । बजार बन्द हुनु भनेको राष्ट्रिय अर्थव्यवस्था बिरामी हुनु हो । विगतमा अनेक राजनीतिक कारणहरू देखाएर राजनीतिक दलहरूले बजार बन्द गर्न लगाइसकेका छन् । राष्ट्रिय अर्थव्यवस्थालाई पटक-पटक बिरामी तुल्याइसकेका छन् । अहिले पनि कोराना सङ्क्रमण विस्तार रोक्ने नाममा बन्द व्यवस्थाका अन्य विकल्पहरूको खोजी नगरी केवल बजार बन्द गर्नु, कारोबार बन्द गर्नु उपयुक्त होइन ।

कोरोना सङ्क्रमणको दीर्घकालीन समाधानको लागि नेपालका प्रशासक एवं निर्णयकर्ताहरू जागरूक हुन उत्तिकै आवश्यक छ । यो सङ्क्रमणको दीर्घकालीन समाधानका लागि हामीले गर्नुपर्ने पहिलो र मुख्य कार्य हो, सम्पूर्ण देशवासी (उमेरको आधारमा खोप लिन अनिवार्य व्यक्तिहरू)लाई कोरोनाविरुद्धको खोप दिनु । हरेक नागरिकको पाखुरामा खोप लगाउनु । नेपालले धनी राष्ट्रहरूसँग निश्शुल्कमा कोरोनाविरुद्धको खोप प्राप्त गर्न सक्छ । विभिन्न धनी राष्ट्रबाट खोप प्राप्त गर्न प्रधानमन्त्री स्वयम् सक्रिय हुनुपर्छ । प्रमले जिम्मेवारी लिनुपर्छ । त्यसैगरी, स्वास्थ्यमन्त्री, विदेशमन्त्री एवं गृहमन्त्री पनि उत्तिकै सक्रिय हुनुपर्छ । धनी देशहरूले गरीब राष्ट्रका नागरिकहरूलाई निश्शुल्क कोरोनाविरुद्धको खोप उपलब्ध गराउन आफूहरू तयार रहेको केही दिन पहिले घोषणा गरेका थिए ।

केही दिन पहिले (जून ११-१३, २०२१) संयुक्त अधिराज्यको कोर्नवाल भन्ने स्थानमा जी-७ को ४७औं बैठक बसेको थियो । उक्त जी-७ (समूह-७)भित्र क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, संयुक्त अधिराज्य तथा संयुक्त राज्य अमेरिका सदस्यका रूपमा रहेका छन् । यो समूहलाई विश्वका अति धनी औद्योगिक राष्ट्रहरूको समूह पनि भन्ने गरिन्छ । यो समूहमा रहेका सदस्य राष्ट्रका सरकार प्रमुखहरूले गरीब देशका नागरिकहरूलाई निश्शुल्क कोरोनाविरुद्धको खोप उपलब्ध गराउने घोषणा उक्त बैठकमा गरेका थिए । नेपालले यो अवसरको फाइदा उठाउनुपर्छ । यी राष्ट्रहरूबाट खोप ल्याउन तत्काल पहल गर्नुपर्छ ।

कोरोना सङ्क्रमणको दीर्घकालीन समाधानका लागि गर्न सकिने अर्को कार्य कोरोनाविरुद्धको खोप नेपालभित्र नै उत्पादन गर्न सकिने व्यवस्था मिलाउनु पनि हो । अहिले कोरोनाविरुद्धको खोप उत्पादन गरिरहेका फर्मास्युटिकल कम्पनीहरूसँग उत्पादन अधिकार (Patient Rights) खरीद गरेर वा उत्पादन गर्न शुल्क (Royalties) तिर्नुपर्ने भए शुल्क तिरेर पनि नेपालमा कोरोनाविरुद्धको खोप उत्पादन गर्न सकिन्छ । गरीब राष्ट्रहरूले पनि आआफ्नो मुलुकमा कोरोनाविरुद्धको खोप उत्पादन गर्न सकून् र त्यसका लागि उत्पादन अधिकार दिन उत्पादक कम्पनीहरू तयार होऊन् भनी विभिन्न व्यक्ति एवं संस्थाहरूले ती उत्पादक कम्पनीहरूलाई अनुरोध पनि गरेका छन् ।

कोरोना सङ्क्रमणको तीव्र विस्तार रोक्न अल्पकालीन एवं दीर्घकालीन उपायहरू पत्ता लगाउन आवश्यक छ । केवल बन्द मात्र विस्तार रोक्ने उत्तम एवं प्रभावकारी तरीका भने होइन । लामो समयसम्म बन्द व्यवस्था कायम रहेमा राष्ट्रिय अर्थव्यवस्था ढल्ने मात्र होइन, भोकमरी समस्या पनि उत्पन्न हुनेछ ।

अहिलेको यो नाजुक घडीमा नेताहरूले सत्तातिर अर्जुनदृष्टि राख्नुभन्दा कोरोना सङ्कट समाधानका अल्पकालीन एवं दीर्घकालीन उपायहरूको मिलेर खोजी गर्नु विवेकपूर्ण कार्य हुनेछ ।

# मनसुनको सुरुआतमैं बाढीपहिरो : सातजनाको मृत्यु, २५ जना बेपत्ता

काठमाडौं, ३ असार/रासस

मनसुनको सुरुआतमैं देशका विभिन्न स्थानमा बाढीपहिरोका अकल्पनीय घटना हुन थालेका छन् । सिन्धुपाल्चोक, मनाङ, जाजरकोटलगायत १७ जिल्ला गत जेठ २८ गतेपछि आएको बाढीपहिरोले प्रभावित हुन पुगेका छन् ।

विज्ञका अनुसार यसपालि अप्रत्याशितरूपमा लेदो र गेगरसहितको बाढी आएको थियो । यसले बढी क्षति पुऱ्याउन मदत गऱ्यो । मौसम पूर्वानुमान महाशाखाले देशका अधिकांश क्षेत्रमा वर्षा हुने र केही ठाउँमा अति भारी हुने अनुमान सार्वजनिक गरेको थियो । पूर्वसूचनाका बीच पनि सुरुआती चरणमैं मनसुनजन्य घटनाबाट हुने असर न्यूनीकरण हुन सकेन । सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची क्षेत्रमा नसोचेको बाढी आउँदा बजार नै तहसनहस हुन पुगेको छ ।

गत जेठ २८ गते मनसुन प्रवेश गरी ३० गते देशैभरि फैलिएसँगै आएको भारी वर्षाका कारण मुलुकका विभिन्न जिल्लामा सातजनाको मृत्यु भएको छ । अन्य २५ जना हराइरहेका छन् । गत वर्ष भेलपहिरोका कारण ठूलो जनधनको क्षति बेहोरेको सिन्धुपाल्चोकले यसपालि पनि मनसुनको सुरुआती समयमैं त्यसैगरी प्रभावित हुन पुगेको छ ।

प्राप्त विवरण अनुसार सिन्धुपाल्चोकमा आजसम्म तीनजनाको मृत्यु भएको छ भने बाजुरा, पाल्पा, डोटी र कास्कीमा एक/एक जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । सिन्धुपाल्चोकमा मृत्यु भएकामा दुईजना चिनियाँ नागरिक छन् । एकजनाको शव सिन्धुलीमा भेटिएको जनाइएको छ ।

सिन्धुपाल्चोकका सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम खनालले अहिलेसम्म सिन्धुपाल्चोकका १४ जना सम्पर्कविहीन रहेको जानकारी दिए । हराएका १८ मध्ये चारजना सम्पर्कमा आइसकेका छन् । जाजरकोटका विकट क्षेत्रमा ७ जना हराइरहेका छन् । बाजुरा, प्यूठान, अर्घाखाँची र काभ्रेमा एक/एक जना बेपत्ता छन् ।

सिन्धुपाल्चोकमा यसपालि पनि अप्रत्याशितरूपमा बाढी आएको हो । हेलम्बु गाउँपालिका वडा नं १ नाकुत्तेभन्दा ५०० मिटर माथिबाट पहिरो खसेर मेलम्ची नदी थुनिएको र त्यही फुटेपछि ठूलो दुर्घटना हुन पुगेको सिन्धुपाल्चोक प्रशासनले जनाएको छ । त्यसले हेलम्बु र मेलम्चीको नदी आसपास क्षेत्रमा ठूलो असर पुऱ्याएको छ । सिन्धुपाल्चोकलगायत प्रभावित जिल्लामा उद्धार र राहत वितरण जारी रहेको जनाइएको छ । अहिलेसम्म सिन्धुपाल्चोकका जोखिम क्षेत्रबाट ७४ जनाको उद्धार गरेर सुरक्षित ठाउँमा राखिएको जनाइएको छ ।

मेलम्ची नगरपालिकामा ६०० जना, हेलम्बु गाउँपालिकामा ३०० बढी प्रभावित भएको जानकारी आएको सहायक प्रमुख जिल्ला अधिकारी खनालले बताए । उनका अनुसार अन्य विवरण सङ्कलन जारी रहेको जनाइएको छ । भौतिक क्षेत्रको विषयमा आजदेखि विवरण सङ्कलन थालिएको छ ।

जाजरकोटमा भएको घटना भने गत जेठ ३१ गते भएको थियो । जिल्ला सदरमुकामबाट निकै टाढा तथा चार हजार ८०० मिटरको उचाइमा घटना हुन पुगेकाले विवरण ढिला आएको हो । जिल्लामा सातजना हराइरहेका छन् । घटनास्थलमा प्रहरी टोली पठाइएको तर विस्तृत विवरण आइसकेको छैन । कुसे गाउँपालिका-८ जलजला पाटनमा अविरल वर्षा र हावाहुरीले गर्दा सातजना हराइरहेका जाजरकोटका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद देवकोटाले जानकारी दिए । उनका अनुसार पाटनमा गाईवस्तु लिन गएका ११ जनामध्ये अन्य चारजना भने सम्पर्कमा आएका छन् । विभिन्न जिल्लामा गरेर १२ जना घाइते भएको र उनीहरूको उपचार जारी रहेको छ । सरकारले उनीहरूको उपचार निशुल्क गर्ने घोषणा गरिसकेको छ ।

### बाढी पहिरोले १२९ घर बगायो

मनसुनपछि मुलुकका विभिन्न क्षेत्रमा वर्षापछि आएको बाढी पहिरोका कारण अहिलेसम्म १२९ घर पूर्ण क्षति भएको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख दिलकुमार तामाङले जानकारी दिए । उनका अनुसार बाजुरामा दुई, गोरखामा चार, मनाङमा ५९, सिन्धुपाल्चोकमा १६, लमजुङ्गमा १८, अर्घाखाँचीमा १२ र कास्कीमा १८ घर पूर्ण क्षति भएका छन् । अझै क्षतिको विवरण थपिने क्रममा रहेको छ । यस्तै, विभिन्न जिल्लामा ११४ घर आंशिक क्षति भएको जनाइएको छ ।

### उद्धार र राहत वितरण जारी

मनाङको चामे र तालगाउँ क्षेत्रका ५०० बढी प्रभावितहरूलाई यहाँको सिरनताललगायत अस्थायी आश्रयस्थलमा लगेर राखिएको छ ।

यस्तै, सिन्धुपाल्चोकको जोखिम

(बाँकी तेस्रो पातामा)


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अन्तरिक्ष केन्द्र निर्माणमा चीनको फड्को

जिक्वान, चीन, ३ असार/सिन्ह्वा

चीनले बिहीवार आफ्नै अन्तरिक्ष केन्द्र निर्माणका लागि तीनजना अन्तरिक्ष यात्रीसहितको शेन्झाउ–१२ रकेट प्रक्षेपण गरेको छ। तियान्हे नाम दिइएको नयाँ अन्तरिक्ष केन्द्र निर्माणमा यी अन्तरिक्ष यात्रीले काम गर्नेछन्। उनीहरू अन्तरिक्ष केन्द्रमा तीन महीना बस्नेछन्।






तियान्हे नाम दिइएको नयाँ अन्तरिक्ष केन्द्रको नमूना र प्रक्षेपण गरिएको शेन्झाउ–१२ रकेट। तस्वीरः रायटर्स

हाल संयुक्त राज्य अमेरिका र रूससँग मात्र अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र छन्, जहाँ पृथ्वीबाट पठाइएका अन्तरिक्ष यात्रीहरू महीनौं बसेर अध्ययन र अनुसन्धानका कार्यहरू गर्ने गर्दछन्।

हुनत चीनले यसअघि पनि अन्तरिक्षमा मानव पठाइसकेको छ। यो चीनको सातौं मानवसहितको अन्तरिक्ष यात्रा हो। चीनले पाँच वर्षयता मानवसहितको रकेट अन्तरिक्षमा प्रक्षेपण गरेको थिएन।

चीनको अन्तरिक्ष केन्द्र (सिएमएसए) का अनुसार चीनको उत्तरपश्चिमस्थित गोबी मरुभूमिबाट चिनियाँ समय अनुसार बिहान ९:२२ बजे रकेट प्रक्षेपण गरिएको थियो। प्रक्षेपण गरिएको करीब ५७३ सेकेन्डपछि शेन्झाउ–२ भूउपग्रह अन्तरिक्ष केन्द्रमा प्रवेश गरेको थियो।

सिएमएसएले भूउपग्रह र त्यहाँ यात्रारत सबै अन्तरिक्ष यात्रीको अवस्था राम्रो रहेकाले अन्तरिक्ष कार्यक्रम सफल भएको जनाएको छ। यसपटक अन्तरिक्ष गएका यात्रीहरूमा शेन्झाउ–६ र शेन्झाउ–१० बाट दुईपटक अन्तरिक्ष यात्रा गरिसकेका ५६ वर्षीय निई हाइसेङ, शेन्झाउ–७ अभियानमा संलग्न ५४ वर्षीय लिउ बोमिङ र पहिलोपटक अन्तरिक्ष यात्रा गर्न लागेका ४५ वर्षीय टाङ होङ्बो रहेका छन्। उनीहरूले चीनको अन्तरिक्ष कार्यक्रममा तीन महीनासम्म बसेर नयाँ रेकर्ड कायम गर्नेछन्। यसअघि सन् २०१६ मा शेन्झाउ–११ बाट अन्तरिक्ष गएका यात्रीहरू ३३ दिनसम्म अन्तरिक्षमा बसेका थिए। यसपटक अन्तरिक्षको यात्रामा जानेहरूले यसअघिका भन्दा निकै जटिल र चुनौतीपूर्ण कार्य गर्नुपर्ने चिनियाँ अन्तरिक्ष केन्द्रका सहायक निर्देशक हाओ चुनले बताए। यसपटक अन्तरिक्ष यात्रीहरूले खासगरी अन्तरिक्ष केन्द्रको सञ्चालन, सरसफाइ, उपकरणको परीक्षण एवं केही वैज्ञानिक अनुसन्धान गर्नेछन्। चीनले गत अप्रिल २९ मा नयाँ अन्तरिक्ष केन्द्रको मुख्य मोड्युल पठाएको थियो। रासस

## ब्रजीलमा कोभिडबाट एकै दिन करीब तीन हजारजनाको मृत्यु

साओ पाओलो, ३ असार/सिन्ह्वा

ब्रजीलमा कोभिड–१९ को सङ्क्रमणबाट यहाँका करीब तीन हजार नागरिकको मृत्यु भएको बुधवार जानकारी दिइएको छ। यहाँको स्थानीय समय अनुसार २४ घण्टायताको अवधिमा बुधवार मात्र २ हजार ९९७ जनाको ज्यान गएको बताइएको हो।

ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार बुधवार मात्र यहाँ अघिल्लो २४ घण्टामा कोभिड–१९ को सङ्क्रमणमा परेका यहाँका २ हजार ९९७ जनाको एकै दिनमा ज्यान गएको हो। योसँगै ब्रजीलमा कोभिडको प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या चार लाख ९३ हजारभन्दा बढी पुगेको पनि सो मन्त्रालयले दिएको समाचारमा जनाइएको छ।

ब्रजीलमा धेरैपछि यति धेरै नागरिक एकै दिन मृत्यु भएको पाइएको छ। योसँगै यहाँ पछिल्ला केही समयमा प्रकोप बढ्दै गएको देखिएको छ। त्यसैगरी, सोही अवधिमा थप ९९ हजार ३६७ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि मन्त्रालयले जनाएको छ। त्यसैगरी, धेरैपछि यति धेरै सङ्ख्यामा सङ्क्रमित भेटिएका पनि बताइएको छ।

कोरोना भाइरसको सङ्क्रमण शुरू भएबाट ब्रजीलमा हालसम्म १ करोड ७६ लाख ३७ हजारजनाभन्दा बढीमा सो सङ्क्रमण भएको बताइएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो समय ब्रजीलमा कोरोना भाइरसको नयाँ प्रजातिको भाइरसका साथै नयाँ–नयाँ लहरहरू आइरहेका छन्। यहाँ केही समयअघिसम्म अस्पतालहरूले बिरामीको चाप थेग्न नसकेपछि उपचारमा समस्या भएको जनाएका थिए।

यस देशमा कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित राज्यका रूपमा साओ पाओलो रहेको छ। साओ पाओलोमा मात्र एक लाखजनाभन्दा बढी नागरिकको ज्यान गएको छ। त्यसैगरी, सो राज्यमा करीब ४० लाखभन्दा बढी नागरिक कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। ब्रजीलमा अमेरिकापछि विश्वमैं सबैभन्दा धेरै नागरिकको ज्यान गएको छ।

त्यसैगरी, यहाँ भारतपछि सबैभन्दा धेरै नागरिक सङ्क्रमित भएका छन्। केही हप्तायता यहाँ मृत्यु हुने र सङ्क्रमित हुनेको सङ्ख्या घटेको जस्तो देखिए पनि पछिल्ला दिनहरूमा बढेको पाइएको छ। रासस

## अस्ट्रेलियाले अस्ट्राजेनिका खोप ६० वर्षभन्दा माथिका व्यक्तिलाई मात्र लगाउने

क्यान्बेरा, ३ असार/एपी

अस्ट्रेलिया सरकारले कोभिड–१९ विरुद्धको अस्ट्राजेनिका खोप ६० वर्षभन्दा माथिको उमेरका व्यक्तिलाई मात्र लगाउने जनाएको छ। यसअघि यो खोप ५० वर्षभन्दा माथिको उमेरका व्यक्तिलाई दिइनथ्यो।

गत साता अस्ट्राजेनिका खोप लगाएकी एक ५२ वर्षीया महिलाको मस्तिष्कमा रगत जमेका कारण मृत्यु भएपछि सरकारले उमेर बढाएको हो।

स्वास्थ्यमन्त्री ग्रेग हन्टले बिहीवारको नयाँ घोषणा गर्दा कुनै वैज्ञानिक तथ्यमा आधारित भएर नगरिएको बताउँदै सरकारले सचेतता अपनाउन चाहेको स्पष्ट गरे।

अस्ट्रेलियाले ५० देखि ५९ वर्षको उमेरका व्यक्तिलाई सरकारले स्वीकृत गरेको फाइजर खोप लगाउन सिफारिश गरेको छ।

अस्ट्रेलियामा अस्ट्राजेनिका खोप लगाएकामध्ये दुई व्यक्तिको मस्तिष्कमा रगत जम्ने समस्याबाट मृत्यु भएको आशङ्का गरिएको छ।

सर्वप्रथम गत अप्रिलमा अस्ट्राजेनिकाको खोप लगाएकी ४८ वर्षीया एक महिलाको मृत्यु भएको थियो। ती महिलाको मृत्यु भएसँगै सरकारले ५० वर्षभन्दा माथिको उमेरका व्यक्तिलाई मात्र अस्ट्राजेनिका खोप लगाउन सिफारिश गरेको थियो।

अस्ट्राजेनिका खोप लगाएका व्यक्तिमा मस्तिष्कमा रगत जम्ने समस्या नदेखिएका व्यक्तिलाई मात्र दोस्रो मात्रा खोप लगाउन सरकारले अनुरोध गरेको थियो। अस्ट्रेलिया सरकारले आफ्ना नागरिकका लागि अमेरिकी खोप उत्पादक मोडर्नाका खोपहरू चाँडै भित्र्याउने योजना बनाएको छ, र यसै वर्षको अन्त्यसम्ममा सबै वयस्क व्यक्तिलाई कम्तीमा एक मात्रा खोप लगाउने घोषणा गरेको छ। रासस

## अङ्गोलामा प्रविधि केन्द्र निर्माणमा हुवावेले छ करोड डलर खर्चिने

लुआन्डा, ३ असार/सिन्ह्वा

चीनको प्रविधि क्षेत्रको कम्पनी हुवावेले अफ्रिकी मुलुक अङ्गोलामा दुईवटा प्राविधिक तालीम केन्द्रहरू निर्माणका लागि छ करोड डलर लगानी गरेको छ।

हुवावे अङ्गोलाका प्रतिनिधि चु सियाओसिनले राष्ट्रपति जोआओ लोरेन्कोसँगको भेटमा उक्त जानकारी दिएका हुन्।

ती केन्द्रमा करीब दुई हजार युवाले दूरसञ्चार र सूचना प्रविधिका क्षेत्रमा नयाँ ज्ञान प्राप्त गर्न सक्ने हुवावेले जनाएको छ। हुवावेका प्रतिनिधि चुले पछिल्लो परियोजनाले अङ्गोलामा डिजिटल अर्थतन्त्रको विकासको योगदानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

अफ्रिकी महादेशका धेरै देशमा चीनले केही वर्षदेखि दूरसञ्चार, पर्यटन, सडक, रेलसमेतका पूर्वाधार निर्माणमा लगानी विस्तार गरिरहेको छ। रासस

# उत्पादनमुखी अर्थतन्त्रका लागि शून्य ब्याजदरमा कर्जा

अर्थ–उद्योग–वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरभन्दा पनि शून्य ब्याजदरमा ऋण पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ।**

कोरोना भाइरस (कोभिड–१९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको निषेधाज्ञाका कारण मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर परेको छ। अधिकांश साना तथा मझौला उद्योग–व्यवसाय नराम्ररी थला परेका छन् भने कतिपय त्यस्ता उद्योग–व्यवसाय बन्द भएका छन्। उत्पादकत्व घटेको छ भने हजारौं व्यक्तिको रोजगारसमेत गुमेको छ। लामो निषेधाज्ञाका कारण विशेषगरी साना तथा मझौला उद्योग–व्यवसाय र गरीब तथा निमुखा किसान लगभग फेरि उठ्नै नसक्ने गरी आर्थिक दबाबमा परेका छन्। यसरी कोरोना भाइरस र निषेधाज्ञाका कारण ठप्प रहेको मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगार अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवालाई मुलुकभित्र रोजगारका अवसर सिर्जना गर्न र विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सीप र व्यावसायिक दक्षता उपयोग गर्न सरकारले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानमा उपलब्ध गराउने व्यवस्था गरेको हो।

स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण गर्न, कमजोर आर्थिक अवस्था भएका विद्यार्थीलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि शैक्षिक ऋण उपलब्ध गराउन, लघु बीमा प्रिमियममा अनुदान दिन तथा भूकम्पपीडितहरूको निजी आवास निर्माणका लागि समेत सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानमा उपलब्ध गराउने सरकारी व्यवस्था छ। हाल सञ्चालनमा रहेका उल्लिखित सहुलियतपूर्ण ब्याजदरका कर्जामा सरकारले आर्थिक वर्ष २०७८/७९ मा ब्याजमा अनुदान दिन १३ अर्ब रुपैयाँ विनियोजन गरेको छ। यस्तो कर्जामा बैंकहरूले आधार दरमा बढीमा दुई प्रतिशत मात्रै थप गरेर कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ। यसमा सरकारले ५ देखि ६ प्रतिशतसम्म ब्याज अनुदान दिँदै आएको छ। हरेक क्षेत्रका लागि छुट्टाछुट्टै कर्जा सीमा निश्चित गरिएको छ।

दैनिक एक हजारभन्दा बढी युवा वैदेशिक रोजगारमा खाडी मुलुक जान बाध्य भएपनि सरकारले सञ्चालन गरेको सहुलियत कर्जा लिई व्यापार–व्यवसाय गर्नेको सङ्ख्या अत्यन्त न्यून छ। विभिन्न दशवटा शीर्षकमा ब्याज अनुदानसहितको सहुलियत कर्जा कार्यक्रम सञ्चालन भएपनि पहुँचवालाले मात्र पाउने गरेको गुनासो छ। पछिल्लो तीन वर्षमा बैंक, वित्तीय संस्थाबाट झन्डै ६१ हजारजनाले यस्तो सुविधा लिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको अहिलेसम्म बैंक, वित्तीय संस्थाले झन्डै डेढ खर्ब रुपैयाँ ब्याजको कर्जा लगानी गरेका छन्। विभिन्न बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जामा अहिलेसम्म सबैभन्दा बढी कृषि तथा पशुपक्षी व्यवसायमा कर्जा छ। यसमा हालसम्म करीब ७७ अर्ब रुपैयाँ लगानी भइसकेको राष्ट्र बैंकले जनाएको छ। अहिलेसम्म ३४ हजारभन्दा बढी व्यक्तिले कृषि तथा पशुपक्षी कर्जा लिएका छन्। राष्ट्र बैंकले सरकारबाट स्वीकृत 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि–२०७५' समेत कार्यान्वयनमा ल्याएको छ। निर्धारित ब्याजदरमध्ये महिला उद्यमशील कर्जामा ६ प्रतिशत र अन्य कर्जामा ५ प्रतिशत ब्याजदर अनुदानको रूपमा सरकारले उपलब्ध गराउँछ। त्यसबाहेकको ब्याज भार मात्र ऋणीले वहन गर्नुपर्छ। कृषि तथा पशुपक्षी कर्जामा कर्जा रकम ५ करोडसम्मका लागि ५ प्रतिशत ब्याज अनुदान र पाँचदेखि १० करोडसम्मको कर्जामा दुई प्रतिशत ब्याज अनुदान प्रदान गरिने व्यवस्था छ। ब्याज अनुदानबाहेक यस्तो कर्जामा ऋणीले तिर्नुपर्ने कर्जा सुरक्षण तथा बीमा शुल्कमा समेत लाग्ने शुल्कको ७५ प्रतिशत रकम सरकारले अनुदानको रूपमा उपलब्ध गराउँछ भने बाँकी २५ प्रतिशत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तिरिदिने व्यवस्था छ।

यो कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष भनेको १० लाख रुपैयाँभन्दा बढीको कृषि कर्जाबाहेक उपरोक्त सम्पूर्ण कर्जामा कुनै पनि धितो राख्नुपर्दैन। चालू आर्थिक वर्षको मौद्रिक नीतिले वाणिज्य बैंकले कम्तीमा ५०० वा न्यूनतम प्रतिशाखा १० र राष्ट्रियस्तरका विकास बैंकले कम्तीमा ३०० वा न्यूनतम प्रतिशाखा पाँचमध्ये जुन बढी हुन्छ, सोही सङ्ख्यामा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तो कर्जा लिन सम्बन्धित बैंक तथा वित्तीय संस्थाको विधिवत्‌रूपमा भरिएको कर्जा आवेदन फाराम, प्रचलित कानूनबमोजिम दर्ता भएको व्यवसाय दर्ता तथा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र उद्यम सञ्चालन तथा कर्जा उपयोगसम्बन्धी संक्षिप्त प्रस्ताव पेश गर्नुपर्ने हुन्छ। दश लाख रुपैयाँभन्दा बढीको कर्जाको हकमा विस्तृत परियोजना प्रस्ताव आवश्यक पर्छ। त्यस्तै, कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको स्वघोषणा आवश्यक पर्छ। तर कृषिको व्यवसायीकरणका लागि मूल्य शृङ्खलामा आधारित पूरक अनुदानमा टाठाबाठा, पहुँचवालाको हालीमुहाली छ। खासगरी सरकारी निकायबाट लगानी गरिने प्रतिस्पर्धात्मक पूरक अनुदानमा ठूलो रकम पाउन सकिने र तिर्न नपर्ने भएका कारण पहुँचवालाले कार्यक्रम व्यवस्थापनमा संलग्न संयन्त्रलाई समेत अनुचित दबाब दिई पहुँच राख्ने र कर्मचारीलाई पनि अनुचित फाइदाको आश्वासनमा यस्ता प्रथाको पृष्ठपोषण गर्ने गरेका कारण खासै प्रभावकारी हुन सकेको देखिँदैन। फलस्वरूप ब्याजमा सहुलियतपूर्ण कर्जा कार्यक्रम वास्तविक र निमुखा किसानका लागि 'आकाशको फल आँखा तरी मर' जस्तो भएको छ।

यो कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि साना, मझौला, ठूला र उद्यमी कृषकलाई वर्गीकरण गरेर तीनवटै वर्गलाई सम्बोधन हुनेगरी छुट्टाछुट्टै किसिमका अनुदानका कार्यक्रम ल्याउनुपर्छ। राज्यले प्रदान गर्ने सबैखाले अनुदानको आवश्यकता र सदुपयोगको अनुगमन र मूल्याङ्कन गर्नु जरुरी छ। कृषि क्षेत्रलाई सम्मानजनक र नाफामूलक पेशाका रूपमा स्थापित गर्न नसक्दा एकातिर कृषि पेशा बेरोजगार नागरिकको बाध्यात्मक तथा जीविकोपार्जनको पेशाका रूपमा स्थापित भएको छ। यसबाट माग अनुसारको उत्पादन सम्भव भएको छैन। उत्पादित वस्तुको पनि उत्पादनपछि बिक्री वितरणको राम्रो प्रबन्ध मिलाउन नसक्दा कृषिप्रधान मुलुकमा कृषि उपजको आयातका लागि हरेक वर्ष अर्बौं रकम बाहिरिने गर्छ। अर्कातिर युवावर्गलाई कृषि पेशामा आकर्षित गर्न नसक्नु यस क्षेत्रको प्रमुख चुनौती बनेको छ। युवाहरूले स्वदेशमा राम्रो वातावरण नपाउँदा वैदेशिक रोजगारलाई अँगालेका छन्। तर हामीसँग रहेका सुन फल्ने उर्वर जग्गा आज बाँझा छन्, चिरिएका छन्। अरूको देखासिखीभन्दा पनि खेती गर्दा उत्पादन गर्ने, उपभोग गर्नेदेखि बजारमा पुऱ्याउनेसम्मको योजना बनाउनुपर्छ। राज्यले पनि किसानलाई मल, बीउ, आवश्यक औजार, बजार र सिंचाइको उपयुक्त व्यवस्था गरिदिनुपर्छ। अर्कोतर्फ, अनुदानमा भन्दा पनि शून्य ब्याजदरमा ऋणस्वरूप आवश्यक रकम उपलब्ध गराउने व्यवस्था पनि प्रभावकारी हुन सक्छ। यसमा किसानलाई लगानीप्रति अपनत्व हुन सक्छ र किसानहरू वास्तवमैं व्यावसायिक कृषितर्फ उत्साहित हुन सक्छन्। ऋण तिर्नकै लागि भएपनि पेशाप्रति उनीहरूको लगाव बढ्छ र रकमको सही सदुपयोग हुन सक्छ। यस्तो अवस्थामा किसानले गरेको कृषि उपजलाई राज्यले चाहे अनुरूपको प्रगति भएको देखिएमा ऋणस्वरूप लगाएको लगानीलाई अनुदानमा परिणत गरिदिने व्यवस्था पनि गर्न सक्छ। यसबाट किसान बढीभन्दा बढी उत्पादनमुखी बन्छन् र लगानीको सही प्रतिफल आउन सक्छ।

सरकारले दिने अनुदान रकम कनिका छरेजस्तो गरी छर्नुभन्दा पनि बहुसङ्ख्यक किसानलाई फाइदा हुने र बढीभन्दा बढी उत्पादनमुखी हुनुपर्छ। सरकारले सिंचाइको व्यवस्था, सडक नभएको ठाउँमा सडक बनाइदिने, उत्पादित उपज बजारसम्म पुऱ्याउने खालका योजना ल्याउनुपर्छ। कृषकले पसिना बगाएर उत्पादन गरेको कृषि उपजको बढी फाइदा बिचौलियाले बसीबसी लिइरहेका छन्। साँच्चिकै कृषक धनी हुनुपर्नेमा बिचौलिया रातारात मालिक बनिरहेका छन्। किसानलाई उही कुटो र कोदालो तर बिचौलिया र पहुँचवालाले तक्मा पाउने गरेको अवस्थाको अन्त्य हुनु जरुरी छ। कृषि पेशामा आजको दिनसम्म आकर्षण नबढ्नुको प्रमुख कारण पनि यही हो। वास्तवमा जीवनको अपरिहार्य आवश्यकता हो, खाद्यान्न। खाद्यान्नका लागि कृषिको आधुनिकीकरण सँगसँगै पूर्ण व्यवसायीकरण हुनु आवश्यक छ। कृषि व्यवसायका प्रकृति फरक छन्। केही कृषि उपजको प्रतिफल पाउनका लागि केही समय कुर्नुपर्ने हुन्छ। त्यसका लागि राज्यका तर्फबाट सही कृषि नीति र दीर्घकालीन योजना हुनु आवश्यक छ। साथै किसानमा पनि कृषिप्रति सकारात्मक सोच र चाहना हुनु जरुरी छ। आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरभन्दा पनि शून्य ब्याजदरमा ऋण पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ।

शून्य ब्याजदरको उपयोगले आन्तरिक उत्पादन, आय र रोजगार बढ्नुका साथै निर्यात र आयातबीचको ठूलो खाडल पुर्दै बाह्य व्यापारघाटा पनि कम गर्न मदत पुग्छ। यसका साथै उत्पादनमुखी अर्थतन्त्रको विकासमा यसले ठूलो सहयोग पुऱ्याउँछ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुपराजय | वृष – सुसमाचार |
| मिथुन – भयचिन्ता | कर्कट – विजय |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – सफलता | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# रकम बुझेर गाँजा तस्करलाई छाडेको प्रहरीमाथि आरोप

प्रस, निजगढ, ३ असार/

बारा प्रहरीले रकम लिएर दुईजना पक्राउ गरेको थियो। प्रहरीले निजगढ नपा–१२ का सोमबहादुर थिङ र दिनेश सङ्ख्यामा रहेका प्रहरीले आफूलाई हत्कडी लगाएर राखेको र भुलनसँग



असार १ गते राति रतनपुर जङ्गलबाट नियन्त्रणमा लिइएको अटो, मोटरसाइल र गाँजा। फाइल तस्वीरः जीतलाल श्रेष्ठ

गाँजा तस्करलाई छाडेको समाचार प्राप्त भएको छ।

निजगढ नगरपालिकाको रतनपुर जङ्गलमा असार १ गते प्रहरीले प्रदेश २ –०३–००१ ह ३२१ नं.को अटोबाट ६० किलो गाँजा बरामद गरेको थियो। रतनपुरबाट निजगढतर्फ आउने क्रममा राति ८ बजे प्रहरीले सूचनाको आधारमा सो अटोलाई रोकेर चेकजाँच गर्दा गाँजा बरामद भएको थियो।

सोसँगै प्रहरीले अटोको स्कर्टिङ गर्दै आएको ना.१४प ६८०० नम्बरको मोटरसाइकलमा सवार दुईजनालाई भन्ने इन्द्रबहादुर भुलनलाई पक्राउ गरेको थियो। रतनपुरी अस्थायी प्रहरी चौकीका इन्चार्ज सहायक प्रहरी निरीक्षक शम्भुप्रसाद यादवको टोलीले उनीहरूलाई पक्राउ गरेको थियो तर लेनदेनको आधारमा थिङ र भुलनलाई छाडिएको अहिले खुल्न आएको छ।

प्रहरीले छाडेकामध्ये थिङले ७ लाखमा बार्गेनिङ भएको र अढाई लाख लिएर छाडेको आरोप लगाएका छन्। उनले आफू र भुलनलाई आधा घण्टा पक्राउ गरेर राखेको र भुलनसँग बार्गेनिङ गरेको बताएका छन्। ४/५ जनाको बार्गेनिङ गरेको र बार्गेनिङ मिलेपछि छाडेको बताए।

घटनाबारे अस्थायी प्रहरी पोस्ट रतनपुरका इन्चार्ज प्रसनि यादवले आरोपमा सत्यता नभएको बताए। प्रसनि यादवले बरामद गाँजा, अटो, मोटरसाइकल इलाका प्रहरी कार्यालयमा बुझाएको र बाँकी कुरा त्यहींबाट बुझ्न भने।

इप्रका निजगढका प्रनि शङ्कर चौधरीले अटोसहित गाँजा र मोटरसाइकल मात्र आफ्नो कार्यालयमा बुझाइएको बताए। मानिस पक्राउ परेको र छाडिएको बारेमा आफूलाई थाहा नभएको उनले बताए।

# गोली प्रहार गर्दै ज्वेलर्समा डाँकाजनी

प्रस, महोत्तरी, ३ असार/

महोत्तरी जिल्लाको सम्सी गाउँपालिकास्थित एउटा सुनचाँदी पसलमा डाँका समूहले गोली प्रहार गर्दै धनमाल लुटेर लगेको छ। बुधवार राति भएको डाँकाजनीमा डाँका समूहले प्रहार गरेको गोली लागेर पसल सञ्चालक घाइते बनेका छन्।

सम्सी–१ स्थित सम्सी–गौशाला सडकखण्डको नजीकै राजीव ज्वेलर्समा डाँकाजनी भएको हो। ज्वेलर्स सञ्चालक स्थानीय वीरेन्द्र साहको घरमा राति डाँकाहरूको समूहले गोली र रड प्रहार गर्दै घरका सबै सदस्यलाई घाइते बनाएर लाखौं मूल्यबराबरको धनमाल लुटपाट गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी गराएका छन्।

प्रहरीका अनुसार राति करीब २ बजे नौ/दश जनाको समूहमा आएका डाँकाहरूले घरको ढोका फोडेर भित्र प्रवेश गरी पसल सञ्चालक ५० वर्षीय वीरेन्द्र साहलाई गोली प्रहार गरेका थिए। सो क्रममा साहकी पत्नी ४५ वर्षीया सुशीला देवी, छोरा २५ वर्षीय शम्भु, छोरी २० वर्षीया कञ्चनकुमारी र अर्का छोरा १७ वर्षीय राजीवलाई अनुहार र टाउकोमा रड प्रहार गरी गम्भीर घाइते बनाएर लुटपाट गरिएको छ।

पसल सञ्चालक साहको पिठ्यूँमा गोली लागेको छ। घाइतेहरूलाई राति नै उद्धार गरी जनकपुरस्थित गोदावरी अस्पतालमा पुऱ्याएर उपचार शुरू गरिएको छ। उनीहरूको अवस्था गम्भीर रहेको जनाइएको प्रहरीले जनाएको छ। डाँकाहरूले पसलबाट नगद रु दुई लाख, पाँच तोला सुनको गहना र १७२ तोला चाँदी लुटपाट गरी लगेका छन्। उक्त धनमाल करीब १० लाख रुपैयाँ बराबरको रहेको अनुसन्धानमा खटिएका प्रहरी अधिकारीको अनुमान छ।

घटना लगत्तै डाँका समूहको पहिचान तथा अनुसन्धान र पक्राउका लागि प्रहरी परिचालन गरिएको तर अहिलेसम्म कुनै सुराक नमिलेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।




# हुलास घरानाको फलाम उद्योग स्थापना हुँदै

प्रस, परवानीपुर, ३ असार/

हुलास घरानाको हिमांशु गोल्छा समूहको अर्को फलाम उद्योग वीरगंजमा स्थापनाको क्रममा छ। जस्तापाता उत्पादन गर्ने हुलास स्टील सिमरापछि वीरगंज कोरिडोरमा दोस्रो फलामे उद्योगको रूपमा यो उद्योग स्थापना भइरहेको छ।



पछिल्लो ६ महीनादेखि वीरगंज–३१ बेलवामा यो उद्योग निर्माणाधीन छ। फलामे स्ट्रक्चर अर्थात् प्रिफेब्रिकेटर सामग्री उत्पादन गर्ने लक्ष्यका साथ करीब १५ करोड रुपैयाँको लागतमा उद्योग स्थापना भइरहेको व्यवस्थापन पक्षले जनाएको छ। उद्योगका प्रबन्धक रमेश श्रीवास्तवका अनुसार अहिले चारैतिरबाट पर्खाल र माटो पुर्ने र सेड बनाउने काम भइरहेको छ।

आगामी ६ महीनाभित्रै उद्योगले फलामको घर निर्माणमा चाहिने भौतिक उपकरण उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए। साढे ७ बिघा जग्गामा फैलिएको उद्योगले फलामको घर निर्माणमा आवश्यक संरचना तथा उपकरण अर्डर अनुसार उत्पादन गर्नेछ। यस्तो उद्योग नेपालमा भैरहवा, बुटवल क्षेत्रमा फाटफुट भएको र वर्तमान मागलाई मध्यनजर गर्दै यस्तो उद्योगमा लगानी गरिएको उनले बताए। उद्योगले चीनबाट आधुनिक प्रविधि भित्र्याउन लागेको र उद्योग सञ्चालनमा आएपछि ५० जनाभन्दा बढी व्यक्तिले रोजगार प्राप्त गर्ने उद्योगका प्रबन्धक श्रीवास्तवको भनाइ छ। बाराको जीतपुरबाट करीब ८ किलोमिटर पश्चिम वीरगंज महानगरको बेलवामा यो उद्योग स्थापना भइरहेको हो।

**कुलो विवाद, बाढीको जोखिम**

उद्योग स्थापना भइरहेको क्षेत्रमा किसानले उपभोग गर्ने कुलो (पैनी) उद्योगले अतिक्रमण गरेको भन्ने विवाद चाँडै सुल्झिने उनले बताए। पाँच फीट चौडा र सय मिटर लम्बाइ भएको कुलो उद्योगले अतिक्रमण गरेको भन्दै कुलो खुल्ला गर्नुपर्ने माग स्थानीयको छ। यस सम्बन्धमा स्थानीय जनप्रतिनिधि तथा प्रभावित किसानसँग छलफल गरी समस्या समाधान गर्ने प्रबन्धक श्रीवास्तवले बताए।

उद्योग स्थापना भइरहेको स्थलदेखि पश्चिम भेडाहा खोला रहेको र वर्षात्को समयमा बाढीको चपेटामा उद्योग पर्न सक्ने जोखिम रहेको प्रबन्धक श्रीवास्तवले बताए। उनले उद्योग सञ्चालनको लागि ११ हजार केभिएको विद्युत् आपूर्तिमा पनि झन्झट उत्पन्न भइरहेको बताए।

# सातजना सङ्क्रमित थपिए

प्रस, वीरगंज, ३ जेठ/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले बिहीवार साँझ सातजना सङ्क्रमित थपिएको जनाएको छ। अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ६३ जनाको स्वाब परीक्षण गर्दा ७ जना सङ्क्रमित थप भएको बताए।

पर्साका तीन, बारा र सर्लाहीका दुई/दुई जना गरी सातजना सङ्क्रमित थपिएका र उनीहरूको उमेर २३ देखि ६० वर्ष रहेको र सिटी भ्याल्यू १४–३५ रहेको डा सिंहले जानकारी गराए।

# जनकपुरमा कोभिड विशेष अस्पताल शुरू

प्रस, जनकपुरधाम, ३ असार/

प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा एक सय शय्याको कोभिड विशेष अस्पताल सञ्चालनमा आएको छ। सो अस्पताल प्रदेश सरकारले सञ्चालनमा ल्याएको हो।

मुजेलियास्थित मणिपाल शिक्षण अस्पतालको प्रयोगविहीन भवनलाई मरम्मतसम्भार गरी मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहनेगरी कोभिड विशेष अस्पताल सञ्चालन गरिएको प्रदेश सरकारले जनाएको छ। बिहीवार आयोजित कार्यक्रममा प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दी र सामाजिक विकासमन्त्री नवलकिशोर साहले संयुक्तरूपमा अस्पताल उद्घाटन गरेका हुन्।

कार्यक्रममा मुख्यमन्त्री गद्दीले अस्पताल सञ्चालनमा आएपछि यस क्षेत्रका कोरोना सङ्क्रमितले उपचारकै अभावमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य हुने विश्वास प्रकट गरेका छन्। उनले प्रतिष्ठानले कोरोना सङ्क्रमितको उपचार शुरू गरिसकेको भन्दै अन्य विशेषज्ञ सेवाहरू पनि छिट्टै शुरू गर्ने बताए।

उद्घाटन कार्यक्रममा सामाजिक विकासमन्त्री साहले प्रतिष्ठान प्रदेश सरकारको गौरवको योजना रहेको भन्दै स्वास्थ्य उपचारका क्षेत्रमा मुलुककै नमूना बनाइने बताए। प्रतिष्ठानले यसै शैक्षिक सत्रदेखि विपिएच, बिएन, बिएमएलटीलगायतको अध्यापन शुरू गर्ने मन्त्री साहले जानकारी गराएका छन्।

# अधिकृतलाई धम्क्याउने कार्यालय सहायक पक्राउ

प्रस, वीरगंज, ३ असार/

बारा जिल्ला सुवर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीनकुमार श्रीवास्तवलाई फोनबाट धम्की दिएर रकम माग गरेको कसूरमा सोही गाउँपालिकाका कार्यालय सहयोगीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले सुवर्ण गापा–४ निवासी मुकेशप्रसाद यादवलाई प्रमुख प्रशासकीय अधिकृत श्रीवास्तवलाई धम्की दिएको कसूरमा पक्राउ गरेको बताए। पक्राउ परेका यादव सोही कार्यालयमा करारमा कार्यालय सहयोगीमा कार्यरत हुन्। उनले अधिकृत श्रीवास्तवलाई फोनबाट रु १५ लाख माग गरेको र नदिएको खण्डमा ज्यान मार्ने धम्की दिएको प्रनाउ मिश्रले बताए।

एनसेलबाट पटक–पटक फोन तथा एसएमएस गरी सो रकम माग गरेको सूचनाको आधारमा अनुसन्धान गर्दा निज यादव कसूरवार ठहर भएपछि पक्राउ गरिएको हो। उनको अडियोसहितको प्रमाण रहेको प्रहरीले दाबी गरेको छ।


मुकेश यादव। तस्वीर सौजन्यः जिप्रका,

पक्राउ परेका यादवलाई प्रहरी हिरासतमा राखेर आपराधिक लाभ मुद्दामा थप अनुसन्धान गरिरहेको प्रनाउ मिश्रले बताए।

# जङ्गलबाट चिरान काठ बरामद

प्रस, महोत्तरी, ३ असार/

जिल्लाको दुर्गम पहाडी क्षेत्रबाट डिभिजन वन कार्यालय महोत्तरीले ठूलो परिमाणमा सालको चिरान काठ बरामद गरेको छ।

बुधवार राति चुरे पहाडको फेदबाट वन कार्यालयको टोलीले ९४ थान काठको कडी बरामद गरेको हो।

जिल्लाको उत्तरतर्फ पर्ने महोत्तरी, सर्लाही र सिन्धुली तीन जिल्लाको सीमानजीक चुरे फेदको जङ्गलस्थित राईदमार भन्ने ठाउँबाट अवैध कडी बरामद भएको सहायक वन अधिकृत मणिराम यादवले जानकारी गराएका छन्। अधिकृत यादव नेतृत्वको टोलीले गस्तीको क्रममा एकै स्थानमा सो परिमाणको काठ फेला पारेको हो। पेशेवर तस्कर समूहले अन्यत्र लान काठ तयारी गरेको र सोही अवस्थामा आफूहरूले फेला पारेको सहायक वन अधिकृत मनोजकुमार ठाकुरको भनाइ छ।

वनक्षेत्रभित्रै तस्करले काठ चिरान गरिरहेको सूचनाको आधारमा वन कार्यालयले सुरक्षा टीमसहित वनक्षेत्रमा खोजतलाश गरेको डिभिजन वन प्रमुख विनोदकुमार सिंहले जानकारी दिए। वनमा नै चिरेर घना घारीभित्र सेउला, पातपतिङ्गरले छोपेर राखेको अवस्थामा काठ बरामद भएको हो।

**मनसुनको सुरुआतमैं बाढी.....**

क्षेत्रबाट ८० जनालाई उद्धार गरिएको छ। त्यहाँ उद्धारमा नेपाली सेनाको हेलिकप्टरसमेत प्रयोग गरिएको थियो। घाइते भएका ६ जनालाई उपचारका लागि सेनाको हेलिकप्टरबाट ललितपुरस्थित बिएन्डबी अस्पतालमा ल्याइएको छ।

सो क्षेत्रमा २५० त्रिपाल, १०० टेन्ट, ५० स्लिपिङ ब्यागलगायत सामान काठमाडौंबाट पठाइएको छ भने जिल्लास्थित विपद् व्यवस्थापन समितिबाट अन्य व्यवस्थापन कार्य जारी रहेको छ। दाङस्थित राप्ती नदीको टापुमा भैंसी चराउन गएका बेला फसेका चारजनालाई सकुशल उद्धार गरिएको छ। यस्तै, कास्कीको मादी गाउँपालिका–१ स्थित विस्थापित १८ परिवारलाई दूधपोखरी माविमा ल्याएर राखिएको आपत्कालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ।

**वीरगंजको.............**

नाकाबाट आउनेहरूको स्वास्थ्य परीक्षण गर्ने, उनीहरूको विवरण राख्ने र अनिवार्यरूपमा क्वारेन्टाइनमा बस्नुपर्ने जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रले निर्णय गरे पनि अहिलेसम्म यो नाका भएर आउनेहरूलाई क्वारेन्टाइनमा राखिएको छैन।

थर्मलगनबाट ज्वरो नाप्ने र एन्टिजेनबाट कोरोना परीक्षण गर्ने कार्य पहिलो चरणमा गरिए पनि अहिले त्यस्तो केही भइरहेको छैन। सशस्त्र प्रहरी र नेपाल प्रहरीको युनिटसहित त्यहाँ स्वास्थ्यकर्मीहरू राखिएका छन् तर आवतजावत गर्नेहरूलाई अहिले सोधपूछ मात्रै गरेर छाडिंदै छ।

सुरक्षाकर्मीहरूको मूडको आधारमा मोटरसाइकल आवतजावतमा कहिले रोक लगाउने र कहिले छुट दिइने कार्य भइरहेको छ। सुरक्षामा तैनाथ सुरक्षाकर्मीहरूले नाका भएर रक्सौलबाट हालका दिनमा नगन्य मानिसहरू प्रवेश गर्ने गरेको र भारत जाने गरेको बताए।

वर्षात्को समयमा बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति हुन सक्दछ; त्यसैले

- बाढी, पहिरो र भूक्षयको जोखिम हुने स्थानहरूमा बस्ती नबसालौं।
- वर्षात्को समयमा हुने बाढी, पहिरो जस्ता विपद् जोखिम स्थानहरूको पहिचान गरी सुसूचित गराऔं।
- स्थानीय आपत्कालीन केन्द्रहरूको स्थापना गरी उद्धार टोली र राहत सामग्रीको जोहो गरौं।
- विपद्को समयमा आपत्कालीन केन्द्रमा तुरुन्त खबर गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग